# छथर गाउँपालिका
१ नं प्रदेश, तेह्रथुम

# छथर गाउँपालिकाको भूमी व्यवस्थापन सम्बन्धि ऐन २०७६

# भूमी व्यवस्थापन सम्बन्धि ऐन २०७६

गाउँसभाबाट स्विकृत मितिः- २०७६ असार १०

**प्रस्तावना :**

नेपालको संविधानको भाग ४ धारा ५१ को खण्ड (ङ) मा निर्दिष्ट राज्यका कृषि र भुमिसुधार सम्वन्धी नीति, धारा ५७ (४) र (५) राज्य शक्तिको वाँडफाड, धारा २१(३) र (४) स्थानीय तहको कार्यकारीणी अधिकार, धारा २२१ (१) र (२) स्थानीय तहको व्यवस्थापिका अधिकार, धारा २२६ (१) र (२) कानुन बनाउन सक्ने संवैधानिक अधिकार अन्तर्गत रही ।

खाद्य सुरक्षा, वातावरणिय सन्तुलन, भौतिक पुर्वाधार,जग्गाको खण्डीकरणको व्यवस्थापन, ऐतिहासिक, सांस्कृतिक, धार्मिक र पुरातात्विक क्षेत्रको संरक्षण,स्वच्छ सुन्दर सुरक्षीत वस्ती विकास, समृद्धी र विकास, सार्वजनिक सरकारी जमिन माथिको अतिक्रमणको न्युनिकरण, अव्यवस्थीत सहरीकरणको उचित व्यवस्थापन सहित दिर्घकालीन लक्ष्य प्राप्तीका लागि यस छथर गाउँपालिका क्षेत्रको भुमिब्यवस्थापनका लागी उच्च स्तरिय अधिकार सम्पन्न आयोगको रुपमा कार्य गर्ने गरी भुमि ब्यवस्थापन सम्बन्धी ऐन बनाउन वान्छनीय भएकाले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी छथर गाउँपालिकाको भूमी व्यवस्थापन ऐन २०७६ बनाईएको छ ।

## परिच्छेद १

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भकः-** यस आयोगको नाम“**भुमि व्यवस्थापन उच्चस्तरिय अधिकार सम्पन्न आयोग छथर गाउँपालिका तेह्रथुम**” हुनेछ ।

(ख) यसलाई संक्षेपमा“भूमी व्यवस्थापन ऐन २०७६ पनि” भन्न सकिनेछ ।

२. यो कार्यविधी गाउँसभा वाट निर्णय भई स्थानीय राजपत्रमा प्रकाशन भएको मिति वाट लागु हुनेछ ।

३. **परिभाषा** : विषय र प्रशंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) **“आयोग“** भन्नाले छथर गाउँपालिकाको भूमी ब्यवस्थापन सम्बन्धमा यस ऐन बमोजिम गठित उच्चस्तरीय अधिकार सम्पन्न आयोग ।

ख) “**सरकारी जग्गा**” भन्नाले सडक, बाटो, रेल्वे, सरकारी घर, भवन कार्यालय, वन वुटेन, जंगल, नदी, खोलानाला, नदी उकास, ताल, पोखरी, डिल, नहर, कुलो, ऐलानी,पर्ति, भीर, पहरा, डगर, वगर आदि समेतलाई सम्झनु पर्नेछ ।

ग) “**सार्वजनिक जग्गा**“ भन्नाले बाटो, कुवा, पानी पँधेरो, पानीघाट, इनार, पोखरी/डिल,खोल संरक्षणका लागी लगाइएको बाँध,निकास, गौचर, मसानघाट, चिहान, पाटी पौवा, देवल, धार्मिक स्थल, स्मारक, मठ, मन्दिर, चोक, डवली, ढल, चौतारो,हाट मेला लाग्ने ठाँउ, मनोरन्जन खेलकुद गर्ने ठाउ भन्ने सम्झनु पर्नेछ।

घ) **“सुकुम्वासी”** भन्नाले जीविकाको लागि कुनै ठोस  विकल्प नभएको, आफ्नो वा आफ्नो अंशियारको नाममा वा कब्जामा कुनै घर वा जग्गा नभएका वा आफ्नो वा अंशियारको नाममा घर वा जग्गा जोड्न सक्ने कुनै साधन श्रेता नभएका, भुमिहिन तथा निःसहाय(कृषि मजदुर, कमैया, हली, हरुवा, च?वा,घुमन्ते बसाईसरी २ पुस्ता बसेका आदि) व्यक्ति र दैवि प्रकोपबाट घर जग्गा विहिन हुन पुगेको नेपाली नागरिक एवम निज प्रति आश्रित परिवरका सदस्य समेतलाई जनाउछ ।

ङ.) “**अध्यक्ष**“ भन्नाले छथर गाउँ कार्यपालिका, भुमिव्यवस्थापन आयोग २०७६ को अध्यक्षलाई सम्झनुपर्छ ।

च) “**सदस्य**” भन्नाले छथर गाउँकार्यपालिका, भुमि व्यवस्थापन आयोग २०७६ का सम्पुर्ण सदस्य र सदस्य सचिव समेतलाई सम्झनुपर्छ ।

छ) **“कार्यालय“**भन्नाले भुमि व्यवस्थापन आयोगको सचिवालय सम्झनुपर्छ ।

ज) “**मापदण्ड**” भन्नाले भुमि व्यवस्थापन आयोगबाट निर्धारित मापदण्डलाई सम्झनुपर्छ ।

झ) **“सरोकारवाला”** भन्नाले एकाघर परिवारको कानूनि रुपमा छुट्टी भिन्न नभएको व्यक्ति वा उक्त जग्गासँग कानूनीआधारले हकदावी गर्न सक्ने व्यक्तिलाई सम्झनुपर्छ ।

ञ) **भूमिहिन भन्नाले** :- तीन पुस्तासम्म आफ्नो नाममा जग्गा स्वामित्व नभएको नेपाली नागरिक सम्झनु पर्दछ ।

ट) **अब्यबस्थित बसोवास** :-

## परिच्छेद २
## आयोग सम्वन्धि व्यवस्था

४. **आयोगको गठन**:-(१) आयोगको गठन तपशिल अनुसार गरिने छ– :

१. (**अध्यक्ष**) : गाउँपालिकाको अध्यक्षले तोके बमोजिम नियुक्त हुने गाउँसभाको निर्वाचित व्यक्ति १ जना - अध्यक्ष

२. (**सदस्य**) : गाउँ कार्यपालिकाले तोकेको १महिला सहित ४ जना - सदस्य

३. (**पदेन सदस्य**) : जिल्ला स्थित मालपोत कार्यालय प्रमुख १ जना - पदेन

४. (**पदेन सदस्य**) : जिल्ला स्थित नापी कार्यालय प्रमुख १ जना - पदेन

५. (**सदस्य**):गाउँ कार्यपालिकाको बिषयगत समितिको संयोजक १जना - सदस्य

६. (**सदस्य सचिव**) : सम्वन्धीत विभाग/ शाखाको प्रमुख वा कार्यपालिकाले तोकेको कर्मचारी १ जना - सदस्य

(२) आयोगले आवश्यकता परेको खण्डमा बिशेषज्ञ सेवा लिन आमन्त्रित सदस्यको रुपमा जुन सुकै सम्बन्धित बियय विज्ञ ब्याक्ति वा संस्था लाइ ओफने बैठकमा आमन्त्रण गरी आवश्यक राय परामर्श लिन सक्नेछ ।

(३) आयोगको बैठक र सो सम्बन्धी अन्य कार्यबिधी आयोगले स्वयं निधारण गरेबमोजिम हुनेछ ।

**५. आयोगको काम/कर्तव्य/अधिकार**

क) गाउँ कार्यपालिका क्षेत्र भित्र रहेका सम्पुर्ण सरकारी, सार्वजनिक जग्गाको लागत तथा अभिलेख तयार गर्ने ।

ख) राष्ट्रिय भु-उपयोग नीति २०७२ अनुसार कृषि, आवासीय, व्यवसायिक, औद्योगिक, खानी तथा खनिज जन्य, सांस्कृतिक तथा पुरातात्विक, नदी तथा ताल तलैया, वन, सार्वजनिक उपयोग तथा खुल्ला, निर्माण सामाग्री उत्खनन् लगायत क्षेत्र छनौट गरी गाउँ कार्यपालिका लाई यस स्थानीय तहको क्षेत्रभित्रका जग्गा व्यवस्थापनका लागि आवश्यक सिफारीस गर्ने ।

ग) आवास क्षेत्रमा बसोबास गर्ने अब्यबस्थित घर तथा परिवार तथ्याङ्क संकलन सहित क्षेत्र निर्धारण गर्ने ।

घ) आवास क्षेत्रमा बसोवास गरिरहेका नेपाली नागरीक सुकुम्वासी घर परिवारहरुलाई अस्थायी जग्गाधनी अभिलेख प्रमाण पुर्जा वितरण गरी सो को अभिलेखीकरण गर्ने ।

ङ) सार्वजनिक महत्वका परम्परागत रुपमा,धर्म, जात जातिले मानि आएका धार्मिक संस्था, मठ मन्दिर, गुठी, चर्च, गुम्वा, मस्जीद, ग्रामथान, माङहिम, ट्रष्ट आदिलाई गुठ संस्थाको नाममा यस अघि देखि भोगमा रहेका वा चर्चेको जग्गाको हकमा निश्चित मापदण्ड तोकी अभिलेख जग्गा धनि प्रमाण पुर्जा वितरण गर्ने ।

च) यस अघि नेपाल सरकारबाट गठित विभिन्न आयोग, समिति, नापी टोली, विशेष नापीले भोगको आधारमा दिएका जग्गको श्रेष्ता पुर्जा, फिल्ड र नक्सा सँग मेल खाए नखाएको एकिन गरी आवश्यकता अनुसार कार्यान्वयनको लागी सिफारीस गर्ने ।

छ) परापूर्वकाल देखि हालसम्म अस्तित्वमा रहेका नदी, नाला, खोला, कुलो, पैनी आसपासमा रहेको कुनै निकायबाट स्वीकृती लिई वा नलिई निर्माण भएका संरचनाले भोगेको जग्गाले पानीको बहावलाई असर पुऱ्याएको हदसम्म उक्त जग्गाको जग्गाधनि अभिलेख प्रमाण पुर्जा वितरण गरिने छैन ।

ज) साविक फिल्डवुकमा दर्ता भएको र हाल सम्म अविच्छिन्न भोगमा रहेका जग्गाको जग्गाधनि प्रमाण पुर्जो दिने ।

## परिच्छेद ३

## उच्चस्तरी भूमि व्यवस्थापन आयोग कार्यविधि/कार्यप्रणाली

### ६. कार्यविधि

क) आयोगले गाउँपालिका क्षेत्रभित्रको समग्र जग्गा जमिनको विवरण अभिलेख अनुसुची खण्ड को १ क, ख, ग र घ अनुसार वडागत विवरण तयारगर्ने ।

ख) आयोगले गाउँपालिका क्षेत्रभित्रको सरकारी, सार्वजनिक जमिन ` मध्य व्यक्ति विशेषले परा पूर्वक देखि घरवास बनाई भोग गरेको जमिनको लगत तयार गर्नेछ ।

ग)  आयोगले गाउँपालिकाभित्र रहेका वास्तविक अब्यबस्थित भुमिहिन सुकुम्वासीलाई निश्चित म्याद दिई सुचना जारी गरि प्राप्त निवेदन माथि छानविन गरि विवरण एकिन गर्नेछ ।

घ)  आयोगल सार्वजनिक सूचना जारी गरि धार्मिक संघ संस्थाले गरिरहेको जग्गा भोग पुर्जा प्राप्त नभएका जग्गाको विवरण तयार गर्नेछ ।

ङ.)  यस अघि नेपाल सरकारबाट गठित विभिन्न आयोग, समिति, नापी टोली, विशेष नापी टोलीले भोगको आधारमा दिएका श्रेस्तापुर्जा हालसम्म कार्यान्वयन नभएका भए कार्यान्वयनको लागि सिफारीस गर्नेछ  सो का लागी आयोगल आवेदन गर्न निश्चित मापदण्ड बनाइ ३५ दिने सावजनिक सूचना जारी गरि सिफारीस  गर्ने । तर आवेदनसाथ संलग्न कागज प्रमाणहरु छानवीन गरि भोगधिकार भित्र रहेको जग्गा सरकारी  र सार्वजनिक जग्गा प्रमाणित भए भोगेको जग्गा प्राप्ती उदेश्य मुठ विरण संलग्न गरेको पाईएमा स्वत बदर हुनेछ ।

च)  कुनैपनि जग्गा जमिनको वितरण गर्दा प्रदेश र स्थानीय तहले बनाएको कानुनी , प्रक्रिया मापदण्ड तयार गरी लागु गरिने छ । साथै साविक सर कारी जनिएका हाल सरकारी सार्वजनिक प्रयोग भएका घरबास नभएका तथा विगतदेखि निरन्तर रुपमा भोग भएका संन्धी सर्पन पर्ने जग्गाहरुको निर्णयबाट पुर्जा वितरण गर्न वाधा पर्ने छैन ।

छ)  यस एनमा उल्लेख नभएका अन्य विषयहरुमा आयोगको बैठकबाट निर्धारण भए बमोजिमका मापदण्ड तोकी गाउँकार्यपालिकाबाट अनुमोदन गराई व्यवस्थित गरिने छ ।

## ७. आयोगको बैठकको कार्यप्रणाली

क)  आयोगको बैठक अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउने छ ।

ख)  आयोगको बैठक महिनामा कम्तीमा १ पटक र आवश्यक्ता अनुसारएकभन्दा बढी पटक पनि बस्ने सक्ने छ ।

ग)  आयोगको निर्णय बहुमतबाट पारित हुनेछ ।

घ)  निर्णय प्रमाणित गर्ने अधिकार अध्यक्षमा निहित रहने छ ।

ङ) आयोगको निर्णय प्रमाणित भएपछि मात्र लागु हुनेछ ।

## परिच्छेद ४
## पुर्जा वितरण

८. **जग्गाधनि प्रमाण पुर्जा दिन बन्देज जग्गाहरु :** देहायको अवस्थामा कुनै पनि व्यक्ति, संघ संस्थालाई जग्गा धनि अभिलेख प्रमाण पुर्जादिइने छैन :

क) सार्वजनिक पोखरीले चर्चेको जमिन

ख) खेल मैदानले चर्चेको जमिन

ग) बसपार्कले चर्चेको जमिन

घ) पानी बग्दै रहेको पैनी/खोला खोल्सी आदि

ङ.) कुवा, पानी-पँधेरो, पानीघाट, मसानघाट, चिहान, चौतारो, हाट, मेला लाग्ने ठाउ, खेलमैदानका जग्गा, समाधि स्थल, पाटी पौवा आदि

९. **जग्गाधनि प्रमाणपूर्जा दिन बाधा नपर्ने जग्गाहरु :**

क) पुरानो अभिलेखमा कुलो बाटो  पुलपुलेसा भएको हाल चालु नरहेको अवस्था भएमा ,

ख) हाल चालु नरहेको र आवश्यक नठहरिएको सार्वजनिक बाटो  ,

ग) नम्वरी जग्गा भएको कुनै पनि व्यक्तिलाई ऐलानी जमिनको पुर्जा दिने छैन, तर नम्वरीदारले ऐलानी जमिनमा साविकदेखि घर, गोठ, गोदाम, पसल, बगैंचा लगाई भोग चलन गर्दै आईरहेका एवम बजार क्षेत्रमा संरचनाले चर्चेको जग्गा र खेतीमा बढीमा १ रोपनी  सम्म मुल्यांकनको २५ प्रतिशत दस्तुर लिई धनिपुर्जा दिन बाधा पर्ने छैन ।

घ) छथर गाउँकार्यपालिकाको ग्रामीण क्षेत्रमा बढीमा ५ रोपनी सम्म जग्गा लाई धनिपूर्जा वितरण गर्न सकिनेछ । नम्वरीवालले भोग गरेको ऐलेनी जग्गा बढीमा ५ रोपनी सम्मको धनि पूर्जा दिइनेछ । नेपाली सुकुम्वासीहरु को हकमा बढीमा १ रोपनी सम्म मात्र जग्गा वितरण गरिने छ ।शहरी क्षेत्रको हकमा भने सुकुम्वासी अव्यबस्थित बसोबास लाई ४ आना देदि ८ आना सम्म मात्र जग्गा वितरण गरिने छ।

११. **जग्गा धनी प्रमाण पुर्जा प्राप्त गर्न पेश पर्नेगर्नु कागजातहरुः**जग्गा धनी प्रमाणपुर्जा प्राप्त गर्न देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ– :

क). सरोकारवालाको माग निवेदन

ख). नेपाली नागरिकता प्रमाण पत्र

ग). बसाई सराई प्रमाण पत्र ( बसाई सराई आएको हकमा)

घ). मृत्यु दर्ता/नाता प्रमाणीत पत्र (आवश्यकता अनुसार)

ङ.) मतदाता परिचय पत्र

च) पारिवारिक विवरण फारम

छ) पानी, बत्ति, टेलिफोन आदिको प्रमाण

ज) व्यवसाय दर्ता प्रमाण पत्र

झ) अन्य कर भुक्तानी रसिद प्रमाण

ञ) वडा समितिको सिफारीस पत्र

ट) स्थलगत सर्जमिन

ठ) साविक तिरो हालसम्म तिरेको प्रमाण

ड) साविक नक्शा / हालको नक्सा

ढ) फिल्डवुक, प्लट रजिष्टर

ण) २ नं. रसिद्, ७ नं. फाँटवारी,

त) श्रेस्ता, पुर्जा, लिखत, निर्णय फैसला पुर्जिदी आदि (साविकमा कुनै प्राप्त गरेको प्रमाण भए)

थ) कपाली तमसुक

द) चर्चेको जग्गामाथि हकदावी पुष्टाई हुने प्रमाण

ध) दस्तुर राजश्व तिरेको प्रमाण

न) २०७४ सालमा भएको निर्बाचनमा भाग लिएको निस्सा

## परिच्छेद ५
## दस्तुर राजश्व

१२. आयोग समक्ष पेश गर्ने जुनसुकै निवेदनहरुमा प्रतिरु १००।- आवेदन दस्तुर लाग्नेछ ।

१३. आयोगबाट निर्णय भई जग्गा धनि प्रमाण पुर्जा प्राप्त गर्ने अब्यबस्थित घरमुली सुकुम्वासी भूमीहिन लाई सो जग्गाको प्रमाण पूर्जा प्राप्त गर्न प्रति पुर्जा रु १०००/- लाग्नेछ ।

१४. आयोगबाट निर्णय भई भोगको आधारमा जग्गाधनी प्रमाण पुर्जा प्राप्त गर्ने नम्वरीदार जग्गाधनिलाई सो जग्गाको प्रतिवर्ग मिटर न्युनतम मुल्यांकन पुस्तीकामा उल्लेख भएको सरकारी मुल्यांकनलाई थैली कायम गरी सोको १० प्रतिशत राजश्व लाग्नेछ।

१५. यस अघि सरकारबाट गठित विभिन्न आयोग, समिति, नापीटोली, विशेष नापी टोलीले भोगको आधारमा दिएका पूर्जा शिफारिस कार्यान्वयन नभएको श्रेष्ता पुर्जा कार्यान्वयन गर्न सिफारीस गर्दा अब्यबस्थित बसोवास घरधुरी सुकुम्वासीको हकमा प्रति पुर्जा रु १०००।- र नम्वरीदार लाई सो जग्गाको प्रति वर्ग मिटर न्युनतम मुल्यांकन पुस्तीकामा उल्लेख भएको सर कारी मुल्यांकनलाई थैली कायम गरी सोको ५प्रतिशत राजश्व लिई कार्यान्वयनको लागि सिफारीस गरिने छ ।तर यस अघिको आयोग, समिति, टोलीले पूर्जा वा अन्य भोगचलनको सिफारिस भएपनि हाल भोग चलन नभएको भए सिफारिस मान्य हुने छैन ।आयोगले वा आयोगको सिफारिसमा तथ्याङ्क संकलन भई पूर्जा वितरण नभए सम्म गाउँसभाले पारित गरेको आर्थिक ऐन बमोजिमको राजस्व सम्बन्धित घर जग्गा वालाले गाउँपालिकामा जम्मा गर्नुपर्नेछ ।

## परिच्छेद ६
## विविध

१६. **रेकर्ड बुझाउनु पर्नेः-** आयोगले प्रत्येक बर्ष गाउँ कार्यपालिका लाई आफ्नो कामको प्रतिवेदन बुझाउनु पर्नेछ । आयोगले गाउँ कार्यपालिका लाई बुझाएको जग्गा सम्बन्धी रेकर्ड जिल्ला समन्वय समिति, प्रदेश सरकार र नेपाल सरकार भूमि सुधार मन्त्रालयमा पठाइने छ ।

१७. **संयुक्त बैठकः-** भूमी व्यवस्थापन र जग्गा धनिपूर्जा बितरणमा कुनै समस्या आएमा आयोग र गाउँ कार्यपालिकाको संयुक्त बैठक बसी निणय भए बमोजिम समस्या समाधान गरिने छ ।

१८. **जग्गाधनि प्रमाण पूर्जा बदर हुने** :-देहायको अवस्थामा भूमी आयोगले दिएको जग्गा धनि प्रमाण पूर्जा गाउँ कार्यपालिकाले बदर गर्न सक्नेछ ।

क) जग्गम धनि प्रमाण पूर्जा दिन बन्देजगरिएको क्षेत्रको पूर्जा वितरण भएको प्रमाणित भएमा ।

ख) अव्यबस्थित भूमिहिन सुकुम्वासीको नाममा दिएको जग्गम धनिप्रमाण पूजा निजको नठहरेमा वा अन्य नगर वा गाउँ पालिकामा समेत सुकुम्वासी वा अन्य नाम बाट पूर्जा लिएको प्रमाणित भएमा ।

ग) अर्काको हक भोग भएको जमिन अर्कै व्यक्तिको नाममा पुर्जा बितरण भएमा

१९ . **बेचबिखन गर्न प्रतिवन्ध** :-

क) अव्यबस्थित भूमिहिन सुकुम्वासीको नाममा बितरण भएको जग्गा कम्तीमा १० बर्ष सम्म हक हस्तान्तरण गर्न पाइने छैन तर यस्तो जमिन बित्तीय संस्थामा राखी ऋण लिन र परिवारका जग्गाधनी सदस्यको मृत्यु भएको कारण परिवारका हकवाला अन्य सदस्यको नाममा सारी गर्नबन्देज गरिने छैन ।

ख) संस्थाको नाममा दर्ता कायम भएको जमिन कुनै पनि अवस्थामा बेचबिखन हुने र जग्गाको स्वामित्व छैन तर संस्था विघटन भएमा सो जग्गा गाउँपालिकाको स्वामीत्वमा आउने छ ।

२०. **अनुगमन र निर्देशन** :- भूमि व्यवस्थापन आयोगको समग्र कामको अनुगमन तथा मुल्याङ्कन गर्न देहाय बमोजिमको अनुगमन एक समिती रहने छ :-

क) गाउँपालिका अध्यक्ष  संयोजक १ जना

ख) गाउँपालिका उपाध्यक्ष  सह संयोजक १ जना

ग) कार्यपालिकाले तोकेको १महिला सहितसदस्य २ जना

घ) प्रमुख प्रशासकीय अधिकृत सदस्य १ जना

२१. **अनुगमन समितिको काम, कर्तब्य, अधिकार,**

क) आयोग लाई आवश्यक राय सूझाव सल्लाह दिने,

ख) आयोगलाई स्वतन्त्रपूर्वक काम गर्ने बातावरण बनाइ दिने

ग) आयोग समक्ष आइपरेको समस्याहरु उपर छलफल गराई निकासा दिने,

घ) आयोगको काम कारवाही लाई सहजिकरण गरि दिने,

ङ) आयोगको अधिकार क्षेत्रको कामुल्याङ्कनको गर्ने,

च) कार्यपालिका वोर्डमा अनुगमन प्रतिवेदन पेश गर्ने

छ) आयोगका निर्णय वि?द्धमा परेका निवेदन उपर टुङ्गो लगाउन कार्यपालिका बैठकमा पेश गर्ने,

ज) संघ /प्रदेश अन्य निकाय र आयोग विच आवश्यक सहयोग र  समन्वय गर्ने, गराउने ।.

२२. **प्रतिवेदन बुझाउन पर्ने** : प्रत्येक चौमासिक रुपमा गाउँ कार्यपालिका समक्ष आयोगले आफ्नो कार्य प्रगतिको प्रतिवेदन बुझाउने आयोगको कर्तब्य हुनेछ उक्त प्रतिवेदन गाउँपालिका अध्यक्ष मार्फत बैठकमा पेश हुने छ ।

२३. **आयोगको जवाफदेहिता** : आयोगको जवाफदेहिता गाउँपालिका प्रमुख तथा बोर्ड प्रति हुनेछ ।

२४. आयोगको अध्यक्षले गाउँपालिका अध्यक्ष समक्ष आफ्नो पद तथा गोपनियताको शपथ ग्रहण गर्नु पर्ने छ । र सदस्यहरुले गाउँपालिका

अध्यक्षको उपस्थितीमा आयोगको अध्यक्ष समक्ष शपथ ग्रहण लिनु पर्नेछ , पदेन सदस्यले सपथ ग्रहण लिनुपर्ने छैन ।

२५. **आयोगका पदाधिकारी तथा सदस्यहरुको सेवा सुबिधाः-**

क) अध्यक्ष लाई पूर्णकालिन मानी मासिक सुबिधा गाउँ कार्यपालिकाले तोके बमोजिम। हुनेछ ।

ख) अन्य पदाधिकारीहरु लाई प्रति बैठक रु. १०००-। (एक हजार) का दरले बैठक भत्ता गाउँपालिका बाट उपलब्ध गराइनेछ ।

ग) आयोगका अध्यक्ष लाई निवको कार्यकाल भरी हल्का यातायात सुबिधा गाउँ कार्यपालिकाले तोके अनुसार उपलब्ध गराईनेछ ।

घ) आयोगको कार्यालय (सचिवालय)अलग्गै स्थापना गरी आवश्यक साधन स्रोत उपलब्ध गराईनेछ ।

२६. **कसुर दण्ड सजाय र जरिवाना :-**

क) कसैले झुठा विवरण पेश गरी पुर्जा प्राप्त गरेको प्रमाणीत भए पुर्जा श्रेता नक्सा फिल्डबुक बदर गरी झुटा विबरण पेश गर्नेलाई गाउँ कार्यपालिकाको निणयअनुसार रु.५००० सम्म जरिवाना गर्न सकिनेछ ।

ख) गलत दावी विरोध पेश गरी उक्त दावी विरोध उपर छानबीन गर्दा झुटा ठहरी सम्वन्धित पक्षलाई क्षती पुग्न गएमा निजदावीकर्ता लाई रु.१००० सम्मा जरीवाना गर्न सकिनेछ ।

ग) कोही कसैले जग्गम धनिप्रमाण पूजा दिलाइ दिन्छु भनी दुषित मनासाय बाट प्रलोभनमा पारी अनुचित फाइदा लिएको प्रमाणित भएको खण्डमा निजले लिएको रिसवत जफत गरी निज उपर गाउँकार्यपालिकाको निर्णयानुसार विगो वमोजिम जरिवाना गरीने छ ।

घ) उपलफा (ग)मा उल्लेखित विगो जरिवाना रकम सरकारी बाकी सहर असुल उपर गर्न सकिनेछ ।

(ङ) उपदफा (क) (ख) (ग) र (घ) मा उल्लेख भए बमोजिम कसुर गरि सजाय पाएको र निज उपर दण्ड जुरमाना तोकिएकोमा जरिवाना रकम

नतिरेमा निजलाई गाउँपालिकाबाट उपलब्ध गराईने अन्य सेवा सुविधामा बन्देज लगाईने छ ।

२७. **छाप र लोगो**:- यस आयोगको लोगो र छाप अनुसुची ४ मा व्यवस्था गरे बमोजीम हुनेछ ।

**लोगो**:– आयोगले प्रयोग गर्ने आयोगको काम कारवाहीमा नेपाल सरकार का प्रचलित लोगो प्रयोग हुने छ ।

**छाप** :– नेपाल सरकारको लागो मुनी आयोगको नाम भुमी व्यवस्थापन आयोग छथर गाउँपालिका लेखिएको हुने छ ।

अनुसुचि १
(परिच्छेद ३ को दफा ६ सँग सम्वन्धीत)

**क) सरकारी जग्गाको विवरण फारम :**

| जिल्ला | गा.पा. | वडा नं | कित्ता नं | क्षेत्रफल | विवरण / किसिम | चारकिल्ला | | | | दर्ता | | नक्सा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पूर्व | पश्चिम | उत्तर | दक्षिण | भएको | नभएको | भएको | नभएको |
| | | | | | | | | | | | | | |

**ख) सार्वजनिक जग्गाको विवरण फारम :**

| जिल्ला | गा.पा. | वडा नं | कित्ता नं | क्षेत्रफल | विवरण / किसिम | चारकिल्ला | | | | दर्ता | | नक्सा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पूर्व | पश्चिम | उत्तर | दक्षिण | भएको | नभएको | भएको | नभएको |
| | | | | | | | | | | | | | |

## अनुसुची २

भुमि व्यवस्थापन कानुन २०७४ कोपरिच्छेद (२२) को दफा ३ मा व्यवस्था भए बमोजिम अव्यवस्थीत बसोबास गरी रहेका घर परिवार जग्गा धनि प्रमाण पुर्जा वितरण गर्न अनुसुची ३ मा व्यवस्था भएको व्यक्तिले पेश गर्ने निवेदन फारम ।

**अव्यवस्थित**

**१) अव्यवस्थीत बसोबास गर्नेको विवरण :**

नाम :.......................................... थर ..........................................

ठेगाना :................................ पति पत्नीको नाम : ...............................

बाबुको नाम :............................... आमाकोनाम : ................................

बाजेको नाम : ............................. बजैको नाम : ................................

दाजु भाई भए निजहरुको नाम : .........................................................

**स्थाई**

ठेगाना:....................अञ्चल:..........................जिल्ला:.........................
गा.पा/न.पा ..........................................

अथाई ठेगाना :...........................
अन्चल:..........................जिल्ला....................... गा.पा/न.पा................

२) **आफुले भोग चलन गरेकोजग्गा** : रहेको

(क) बडा नं................ ख) नक्सा नं................. ग) कित्ता नं..............

घ) क्षेत्रफल .................

**३) सम्वधित जग्गामा कहिले देखि भोग चलन गरी बसेको हो**

....................................................................................................

**४) के आधारमा बसोबास बा भोग चलन गरेको हो**

....................................................................................................

**५) आफ्नोबा परिवारको सदस्यको नाममा अन्यत्र के कति जग्गा छ**

....................................................................................................

६) **परिवारका सख्या :**

(क) १६ वर्षमुनिका..... (ख) ५० वर्ष माथिका ...... (ग) पेशा............

**७) उक्त जग्गा भोग चलनमा आउनुको कारण के हो ।**

(क) घर जग्गा नभएर (ख) पसल ब्यबसाय चलाएर

(ग) सम्बन्धि सर्पण परेर (घ) पैत्रिक समय देखी नै भोग चलन भएर

(ङ) प्रयोग विहिन भएर

**८) हाल भोग चलनमा रहेको जमिन को अवस्था ।**

(क) खाली (ख) घर टहरा भएको

(ग) बारी बगैँचा भएको (घ) खेती गरी रहेका

**९) हाल बसी रहकोअवस्था।**

क) आफ्नो घरमा (ख) डेरामा (ग) आफन्तको शरण लिएर

**१०) उक्त जमिनमा के गरेर बसेको हो ।**

(क) किनेर (ख) फडानि गरेर

(ग) परापुर्बक काल देखी भोग गरेर (घ) टहरा बनाएर

**११) हाल सम्म उक्त जग्गा को जग्गा धनी प्रमाण पुर्जा प्रप्त नहुनुको कारण**

(क) नक्सामा नपरेर (ख) साबिकको सरकारी जमिन भएर

(ग) हदबन्दी मा परेर (घ) बिबाद भएर

द्रष्टव्य : मैले माथी पेश गरेको समपुर्ण विवरण ठीक साचोँ हा । आयोगबाट छानविन हुदा विवरण झुटा ठहर हुन आएमा आयोगको जुन सुकै निर्णय अनुसार सहन र बुझाउन मन्जुर भै यो निवेदन पश गरेको छु ।

**विवरण पेश गर्नेको :**
नाम/ थर :
मिति :
ठेगाना:
ना.प्र.नं.:
जारी मिति :
जिल्ला :

# <u>अनुसुची ३</u>

भुमि व्यवस्थापन कानुन २०७६ को परिच्छेद(२) २को दफा ३ मा व्यवास्था भए बमोजिम सुकुम्वासी घर परिवार जग्गा धनि प्रमाण पुर्जा वितरण अनुसुची २ कमा व्यवास्था भएको सुकुम्वासीले पेश गर्ने निवेदन फारम ।

१) **विवरण :**

नाम :..................................थर :..............................................

ठेगाना :..........................पति पत्नीको नाम : ...............................

बाबुको नाम :......................... आमाकोनाम : ..............................

बाजेको नाम : ...................... बजैको नाम : ................................

दाजु भाई भए निजहरुको नाम :

..............................................................................................

**स्थाई**

ठेगाना:.....................अञ्चल:.....................जिल्ला:........................
गा.पा/न.पा .........................

अथाई ठेगाना :............................
अन्चल:...........................जिल्ला..................................................
गा.पा/न.पा .........................

२) **आफुले भोग चलन गरेकोजग्गा** : रहेको

(क) बडा नं............. ख) नक्सा नं.................

ग) कित्ता नं............ घ) क्षेत्रफल ..................

३) **सम्वधित जग्गामा कहिले देखि भोग चलन गरी बसेको हो**

..............................................................................................

४) **के आधारमा बसोबास बा भोग चलन गरेको हो**

..............................................................................................

**५) आफ्नो वा परिवारको सदस्यको नाममा अन्यत्र के कति जग्गा छ**

.........................................................................................

**६) परिवारका सख्या :**

(क) १६ वर्षमुनिका..........(ख) ५० वर्ष माथिका .........ग) पेशा...........

**७) सुकुवासीहुनुका कारण के हो ।**

(क) नदि खोला बाट विस्थापीत भएर (ख) पहिरो भुकम्प बाट विस्थापीत भएर (ग) पैत्रिक सम्पति नैनभएर (घ) पैत्रिक सम्पति सकिएर

(ङ) अन्य कुनै कारण भए

**८) हाल भोग चलनमा रहेको जमिन को अवस्था ।**

(क) खाली (ख) घर टहरा भएको

(ग) बारी बगैंचा भएको (घ) खेती गरी रहेका

**९) हाल बसी रहको अवस्था।**

(क) आफ्नो घरमा (ख) डेरामा (ग) आफन्तकोमा सरण लिएर

**१०) उक्त जमिनमा के गरेर बसेको हो ।**

(क) किनेर (ख) फडानि गरेर

(ग) परापुर्बक काल देखी (घ) विस्थापीत भै आश्रय लिई बस्न सुरु गरेको द्रष्टव्य : मैले माथी पेश गरेको सम्पूर्ण विवरण ठिक साचौ हो । छानविन बाट झुटा ठहर हुन आएमा आयोगको जुन सुकै निर्णय अनुसार सहन बुजाउन मन्जुर भै यो निवेदन पेश गरेको छु ।

**विवरण पेश गर्नेको :**

नाम/ थर :

मिति :

ठेगाना:

ना.प्र.नं.:

जारी मिति :

जिल्ला :